# ढोडेनी आँपपाटा रिपाहा सामुदायिक वन उपभोक्ता समुह

सन्धिखर्क न.पा.४, अर्घाखाँची

पत्र संख्या: २०८१/०८२

च.नं. : ११

मिति : २०८२।०१।२६

**बिषय : काठदाउरा लिलाम बिक्रिको सूचना वेवसाईटमा राखिदिने बारे ।**

श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका दाङ्ग

श्री वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही

श्री डिभिजन वन कार्यालय, अर्घाखाँची

...............................................................................................

उपरोक्त विषयमा श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको लिलाम विक्री सहमति बमोजिम यस सामुदायिक वन उपभोक्ता समूहवाट मिति २०८२।०१।२६ गतेका दिन लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार काठ दाउरा लिलाम बिक्री सम्बन्धि शिलवन्दी वोलपत्र आवह्वानको लागि समूहले तयार गरेको विस्तृत सूचना तहाँ कार्यालयको वेभसाइटमा राखि दिन हुनका लागि यसै साथ संलग्न राखी पठाइएको ब्यहोरा अनुरोध छ ।

Adhikari

अध्यक्ष

**श्री ढोडेनी आँपपाटा रिपाहा सामुदायिक वन उपभोक्ता समुह**
**सन्धिखर्क नगरपालिका वडा नं. ४ वाङला अर्घाखाँची**

## काठ/दाउरा लिलाम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित : २०८२/०१/२६(लुम्बिनी राष्ट्रिय दैनिक)

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना वमोजिम डिभजन वन कार्यालय अर्घाखाँचीबाट संकलन सहमति लिइ संकलन गरेको काठ दाउरा सन्धिखर्क न.पा.४ मा घाटगद्दीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थाम छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजान पर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ । काठ दाउरा कारोवार गर्ने उद्देश्यले स्थायी लेखा नम्वर (PAN) र मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि.नं. | जात | लट नं. | ग्रेड | गो.थान | घन फिट | न्यूनतम दररट प्रति इकाइ | कटान मुछान खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | खोटे सल्ला | १ | A | १८ | ३०१.४९ | २५०/- | १८७ प्रति घन फिट |
| | | | B | १८९ | १५०६.२७ | १५०/- | |
| २ | खयर | | - | ५२६ | ५६४.०८ | १०००/- | |
| | जम्मा | | | ७३३ | २३७१.८४ | | |

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय २०८२/०२/१५ गते कार्यालय समय भित्र विदा परे सो को भोलिपल्ट ।

२. बोल पत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८२/०२/१६ गते कार्यालय समयभित्र विदा परे सो को भोलिपल्ट ।

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु ।

क) समुहको कार्यालय ख) डिभिजन वन कार्यालय अर्घाखाँची

४. बोलपत्रसाथ कबोल गरेको रकम १०% ले हुन आउने रकम यस सामुदायिक वनको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सन्धिखर्क अर्घाखाँचीमा रहेको खाता नम्वर ३०५०१००००७०६२०१० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । बैंक ग्यारेण्टी मान्य हुने छैन ।

५. प्रति बोलपत्र वापत रु १०००/- (एक हजार रुपैयाँ मात्र) लाग्नेछ र सो रकम पनि उपरोक्त बैंक खातामा जम्मा गरेको भौचर पेश गरेपछि मात्र पाइनेछ ।

६. लिलाम हुने वन पैदावार सन्धिखर्क न.पा.४ वाङलामा रहेको घाटगद्दीमा स्थलगतरुपमा हेर्न सकिनेछ ।

७. रितपूर्वक र न्यूनतम संख्याको बोलपत्र पेश भएमा मिति २०८२/०२/१७ गते दिउँसो ३:०० बजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिद कर्ता प्रतिनिधि उपस्थित नभए पनि र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिनेछ ।

८. लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता र कर चुक्ताको प्रमाणपत्र उद्योग दर्ता मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको प्रमाण पत्र र स्थायी लेखा नम्वर (PAN) र डिभिजन वन कार्यालयमा सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपिहरु बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९. सकार रकम अंक र अक्षरमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पाइएमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा वदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समुहलाइ निहित रहनेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मूल्य , मू.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाइ लिलाम भएको वन पैदावार तोकिएको समय भित्र प्रक्रिया पुरा गरी लैजानु पर्नेछ ।

१२. थप जानकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नुहोला ।

१३. अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

CamScanner